**आकाशवाणी समाचार- नेपाली**

मितिः २० जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- उपराष्ट्रपति जगदीप धनखड़ले विश्वमा कुनै पनि शक्तिले भारतलाई आफ्नो मामलाहरुसित जुड्न बारेमा निर्देश दिन सक्दैन भनी बताउनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले युवा आध्यात्मिक शिखर सम्मेलनको महत्व माथि जोड़ दिनुहुँदै यसलाई नशा मुक्त भारतको दिशामा एउटा ठुलो पाइला बताउनुभएको छ।

- संसदको भोलि देखि शुरु भइरहेको मानसून सत्र अघि सरकारले आज सर्वदलीय बैठक बोलाएको छ।

- महिला क्रिकेटमा हिज इंग्लैंडले दोस्रो एकदिवसीय क्रिकेट मैचमा भारतलाई 8 विकेटले पराजित गरेको छ।

- मौसम विभागले आज केरल अनि तटीय कर्नाटकमा भारी वर्षाको रेड अलर्ट जारी गरेको छ।

**उपराष्ट्रपति-आईडीईएस**

उपराष्ट्रपति जगदीप धनखड़ले विश्वमा कुनै पनि शक्तिले भारतलाई आफ्नो मामलाहरुसित जुड्न बारेमा निर्देश दिन सक्दैन भनी बताउनुभएको छ। श्री धनखड़ले हिज नयाँ दिल्लीमा भारतीय रक्षा संपदा सेवा को 2024 बैच का प्रशिक्षु अधिकारीहरुलाई भन्नुभयो कि यस संप्रभु राष्ट्र मा सबै निर्णय यसको नेतृत्वले लिँदछ।

बाइट

उपराष्ट्रपतिले देश मा विभाजनकारी भावना उत्पन्न गर्ने प्रयास सहित धेरै चुनौतीहरु रहेको पनि बताउनुभयो। उहाँले देश विकसित भारतको दिशा मा अग्रसर भइरहेको पनि बताउनु भएको छ। श्री धनखड़ले ऑपरेशन सिंदूरको अवधि नागरिकहरु माथि हमला नगर्ने अनि केवल आतंकवादी ढाँचालाई लक्षित गर्ने भारतको असल निर्णयको प्रशंसा गर्नुहुँदै भारत शांति अनि अहिंसा मा विश्वास गर्ने कुरो पनि बताउनुभयो।

**प्रधानमंत्री - नशा मुक्त भारत**

प्रधानमंत्री नरेन्द्र मोदीले युवा आध्यात्मिक शिखर सम्मेलनको महत्व माथि जोड़ दिनुहुँदै एउटा लेख साझा गर्नुभएको छ अनि यसलाई नशा मुक्त भारतको दिशामा एउटा ठुलो पाइला बताउनुभएको छ। केंद्रीय युवा कार्यक्रम अनि खेल मंत्री मनसुख मांडवियाको एउटा पोस्टको उत्तरमा, श्री मोदीले भन्नुभयो डॉ. मांडवियाले विस्तार सित बताउनुभएको छ कि युवा आध्यात्मिक शिखर सम्मेलन कुन प्रकारले नशा मुक्त भारतको निर्माणको दिशामा महत्वपूर्ण पाइला हो। एमवाई- भारत पहल अंतर्गत 'युवा आध्यात्मिक शिखर सम्मेलन' काशी को पवित्र घाटहरुमा "विकसित भारत के लिए नशा मुक्त युवा" विषयमा आयोजित गरिएको थियो। यो शिखर सम्मेलन मोदी सरकार को नशा मुक्त भारत अभियानको भाग हो, जसको उद्देश्य युवाहरुको नेतृत्वमा धेरै पहलहरुको माध्यमबाट मादक पदार्थहरुको सेवन समाप्त गर्न हो। डॉ. मांडवियाले आफ्नो पोस्टमा यस कुरो माथि ज़ोर दिनुभएको छ कि यो शिखर सम्मेलन केवल एक आध्यात्मिक बैठक मात्र नभएर नशाको लत विरुद्ध एक राष्ट्रव्यापी युवा आंदोलनको शुरुआत हो। उहाँले "भारत को युवा नशाको खतराबाट मुक्त भविष्यलाई आकार दिन मा अग्रणी भूमिका निर्वाह गरिरहेको छ।" भनी लेख्नुभएको छ। यस कार्यक्रममा युवा नेता, आध्यात्मिक मार्गदर्शक अनि सामाजिक प्रभावशाली मानिसहरु एकजुट भएका थिए, जसले मानसिक स्वास्थ्य, आध्यात्मिकता अनि सामुदायिक सहभागिता को माध्यमद्वारा नशालु दवाईहरुको दुरुपयोगसित जुड्ने समग्र दृष्टिकोणमाथि चर्चा पनि गरे।प्रधानमंत्री द्वारा यस पहलको समर्थनले, 2047 सम्ममा एक विकसित अनि नशा-मुक्त भारत बनाउने मिशन मा युवाहरुलाई शामेल गराउनमा सरकारको प्रतिबद्धतालाई झल्काउँदछ।

**विपक्षी दलको बैठक**

संसदको मनसुन सत्रअघि विपक्षी इन्डी गठबन्धनका नेताहरूले भिडियो कन्फरेन्समार्फत बैठक गरेका छन्। बैठकमा सत्रको अवधि विपक्षको रणनीतिमाथि विचार-विमर्श भयो। बैठकमा कांग्रेस, तृणमूल कांग्रेस, समाजवादी पार्टी, शिवसेना, यूबीटी, डीएमके, माकपा, एनसीपी-शरद पवार गुट गुट लगायत अन्य दलहरुल सहभागी थिए। बैठकमा कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गे, लोकसभामा विपक्षका नेता राहुल गान्धी, समाजवादी पार्टीका नेता रामगोपाल यादव, डीएमके नेता त्रिची शिवालगायत सहभागी थिए। मिडियासँग कुरा गर्दै 'बैठकका क्रममा पहलगाम आतंकवादी हमला र अपरेसन सिन्दूर जस्ता मुद्दाहरू मनसुन सत्रमा उठाउने विषयमा दलहरुबीच सहमति भएको कांग्रेस सांसद प्रमोद तिवारीले बताउनुभयो।

**ओडिशा-शक्तिश्री**

ओडिसा सरकारले राज्यका कलेज र विश्वविद्यालयहरूमा छात्राहरूको सुरक्षा सुनिश्चित गर्न एक विशेष कार्यक्रम 'शक्तिश्री' सुरू गर्ने निर्णय गरेको छ। मुख्यमन्त्री मोहनचरण माझीले भुवनेश्वरमा सो घोषणा गरेका हुन् । यो कार्यक्रम राज्यको उच्च शिक्षा विभाग अन्तर्गत सबै १६ विश्वविद्यालयहरू र ७३० सरकारी र सहायता प्राप्त कलेजहरूमा लागू गरिनेछ। बालेश्वरस्थित एफएम कलेजकी एक छात्राले आत्महत्या गरेको केही दिनपछि यो घोषणा गरिएको हो ।

**सिक्किम – बाँझो भूमि**

सिक्किममा पाकयोङ जिल्ला प्रशासनले कृषिका लागि बाँझो भूमिको **पुनरुद्धार** सम्बन्धी मिसन अन्तर्गत बाँझो जमिनको खेती गर्न पहल गरेको छ। पछिल्लो १८ महिनामा जिल्लामा २०० एकडभन्दा बढी बाँझो जमिनमा खेती गरिएको छ । मुख्यमन्त्री प्रेमसिंह तामाङको निर्देशनमा जिल्ला प्रशासनले बाँझो जमिनलाई उर्वर बनाउन ग्रामीण समुदायलाई निरन्तर प्रेरित गरिरहेको सरकारी स्रोतले जनाएको छ । पाक्योङमा यस पहल अन्तर्गत कोदो खेतीलाई पनि बढावा दिइएको छ। स्थानीयवासीको सक्रियतामा करिब २५ एकड बाँझो जमिनमा खेती गरिँदै आएको छ । पछिल्लो समय सामसिंग क्षेत्रमा कोदो खेती शुरु गरिएको छ । यस पहलले चालू सिजनमा थप ५० देखि ६० एकड जमिनमा कोदो खेती गर्ने अपेक्षा गरिएको छ । यस क्षेत्रमा कोदोका साथै मौसमी सब्झिहरु र फलफूल पनि उत्पादन हुँदै आएको छ । गाउँलेले आफ्ना सबै उत्पादन बजारमा बिक्री गरिरहेका छन् ।

**आम उत्सव-नागालैंड**

स्थानीय कृषि अनि उद्यमितालाई बढ़ावा दिनका लागि, हिज नागालैंडको किफिरे ज़िलाको लोंगमात्रा मा जिला प्रशासन अनि बागवानी विभागको तर्फबाट पहिलो आँप महोत्सव आयोजित गरियो। होमगार्ड, नागरिक सुरक्षा अनि राहत एवं पुनर्वास सलाहकार, एस. कियुसुमेव यिमचुंगरले किसानहरुलाई महोत्सव पछि पनि आँपको खेती जारी राख्नको लागि प्रोत्साहित गर्नुभयो तथा उपजलाई बाज़ारहरु सम्म पुर्याउनमाथि ज़ोर दिनुभयो। उहाँले आधुनिक मशेनरी अनि अन्य प्रणालीहरुको माध्यमबाट कृषिलाई समर्थन दिनकालागि सरकारको प्रतिबद्धताको पनि उल्लेख गर्नुभयो। किफिरेको उपायुक्त, तेमसुवती लोंगकुमेरले किसानहरुद्वारा सामूहिक खेती अनि जैविक ब्रांडिंग अपनाउने आग्रह पनि गरिएको छ। उहाँले यस महोत्सवलाई एउटा ठुलो लक्ष्य तर्फ एउटा सानो पाइला रहेको बताउनुहुँदै यस वार्षिक आयोजनलाई प्रत्येक वर्ष मनाइने आशा व्यक्त पनि गर्नु भयो।

**भारत-आईएमओ गोल्ड**

भारतले ऑस्ट्रेलियाको सनशाइन कोस्टमा 66 औ अंतर्राष्ट्रीय गणित ओलंपियाड मा तीनवटा स्वर्ण, दुइ रजत अनि एउटा कांस्य पदक जितेको छ। दिल्लीको कनव तलवार अनि आरव गुप्ता तथा महाराष्ट्रको आदित्य मंगुड़ीले स्वर्ण पदक जितेका छन्। कर्नाटकको एबेल जॉर्ज मैथ्यू अनि दिल्लीको आदिश जैनले रजत पदक जितेका छन् भने दिल्लीको अर्चित मानसलाई कांस्य पदक

प्राप्त भएको छ। प्रतियोगितामा 69 महिला प्रतिभागीहरु सहित कुल 630 विद्यार्थीले भाग लिएका थिए। 1998 पछि भारतले यस ओलंपियाडमा तीन स्वर्ण पदक जीतेको यो दोस्रो पटक हो। वर्ष 2024 मा, भारतले चार स्वर्ण पदक जीतेर इतिहास रचेको थियो। 1989 मा यो प्रतियोगिता शुरू भए पछि हाल सम्म भारतले 23 वटा स्वर्ण पदक जिति सकेको छ भने यस वर्ष भारत प्रतियोगिता मा सातौ स्थानमा रहेको थियो।

**मोहन यादव – स्पेन**

मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवको दुबई र स्पेनको सात दिने विदेश भ्रमण सम्पन्न भएको छ । मुख्यमन्त्रीको यो भ्रमण मध्य प्रदेश ग्लोबल डायलग–२०२५ को एक भागको रुपमा भएको थियो । भ्रमणको अन्तिम चरणमा उनले बार्सिलोनाका उद्यमी, लगानीकर्ता र व्यवसायीसँग अन्तरक्रिया गर्नुभएको थियो । उनले मर्काबर्ना जस्ता विश्वव्यापी कृषि मोडेलहरूको पनि अवलोकन गरे र भारतीय समुदायसँग अन्तरक्रिया गर्नुभयो। मुख्यमन्त्रीको भ्रमणको उद्देश्य विश्वस्तरीय विकसित मध्यप्रदेशको परिकल्पनालाई बलियो बनाउनु थियो । पत्रकारसँग कुरा गर्दै मुख्यमन्त्री मोहन यादवले उत्पादन बढाउन, रोजगारीका नयाँ अवसर सिर्जना गर्न र किसानको आय वृद्धि गर्न मध्य प्रदेशका लगानीकर्तासँग धैरै सम्झौता भएको बताउनुभयो ।

**बलूचिस्तान विरोध प्रदर्शन**

पाकिस्तानको राजधानी इस्लामावादमा बलूच यकजेहती समितिको सरकार विरोधी धर्नाको आज पाँचौं दिन हो । विरोध प्रदर्शनको नेतृत्व बलूचिस्तानबाट जबरजस्ती गायब गरिएका मानिसहरु अनि समितिका पक्राव गरिएका नेताका परिवारहरुले गरिरहेका छन्। प्रदर्शनको चौथो दिन प्रदर्शनकारीहरूले पाकिस्तानी अधिकारीहरूले इस्लामाबाद प्रेस क्लब जाने सडकहरू बन्द गरेको र उनीहरूका परिवारलाई प्रदर्शनस्थलमा पुग्नबाट रोकेको आरोप लगाएका छन्। प्रदर्शनमा सहभागी महिला, वृद्धवृद्धा र बालबालिका रहेका छन् । बलूच यकजेहती समितिले एक सामाजिक सञ्जाल पोस्टमा भनेको छ कि प्रदर्शनमा जारी प्रतिबन्ध र आफ्ना नेताहरूलाई अवैध रूपमा हिरासतमा राख्नु बलोच आवाजलाई दबाउने सुनियोजित प्रयास हो।

**महिला क्रिकेट**

महिला क्रिकेटमा लंदनको लॉर्ड्समा हिज इंग्लैंडले दोस्रो एकदिवसीय क्रिकेट मैचमा भारतलाई 8 विकेटले पराजित गरेको छ। यसको साथै तीन मैचको यो श्रृंखला 1-1 को बराबरीमा रहेको छ। भारतले वर्षाद्वारा बाधित मैच मा पहिला ब्याटिंग गर्दै 29 ओवर मा आठ विकेट गुमाएर १ सय 44 रन बनायो, जसको जवाबमा इंग्लैंडले डकवर्थ लूइस नियमको आधार मा 115 रन को लक्ष्य केवल 21 ओवर मा प्राप्त गरेर म्याच जितेको हो। यस श्रृंखलाको तेस्रो अनि अंतिम मैच आगामी मंगलवार चेस्टर-ले-स्ट्रीट मा खेलिनेछ।

**कुश्ती**

हंगरीको बुडापेस्टमा पोल्याक इमरे वर्गा जानोस मेमोरियल कुश्ती टूर्नामेंट मा भारतीय महिलाहरुले हिज एक रजत अनि एक कांस्य पदक जितेका छन्। प्रिया मलिकले 76 किलोग्राम भार वर्ग मा रजत पदक जितेका छन् भने एशियाई चैंपियन मनीषाले कांस्य पदक जितेका छन्। यसको साथै टूर्नामेंटमा भारतको आठ पदक भएको छ जसमा तीन स्वर्ण, दुइ रजत अनि तीन कांस्य पदक शामेल छन्।

**मौसम**

मौसम विभागले आज केरल अनि तटीय कर्नाटकमा भारी वर्षाको रेड अलर्ट जारी गरेको छ। मौसम विभाग अनुसार, आगामी 6 दिन सम्म केरल, कर्नाटक अनि तमिलनाडु मा भारी वर्षा जारी रहनेछ। आगामी 3 दिनको अवधि

ओडिशा, छत्तीसगढ़, उप-हिमालयी पश्चिम बंगाल, असम, त्रिपुरा, अरुणाचल प्रदेश अनि सिक्किममा भारी वर्षा हुने अनुमान रहेको छ। यस महिनाको 24 तारीखसम्म जम्मू-कश्मीर, हिमाचल प्रदेश अनि उत्तराखंड तथा देश को पश्चिमी भागमा, कोंकण, गोवा अनि मध्य महाराष्ट्र मा पनि आगामी 5 दिनको अवधि भारी वर्षाको संभावना रहेको छ। आज बिहार मा गरजन साथ हल्का वर्षाको संभावना रहेको छ। यसको साथै दिल्ली-एनसीआर मा पनि आज आंशिक रूपले बादल लागि रहने अनि हल्का वर्षाको अनुमान रहेको छ।

****** ० ******